आज मिति २०८१ साल श्रावण ३१ गते बिहिवारका दिन दिउसो ३.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको २६ औ बैठक बस्यो ।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञान दाश प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | अनुपस्थिति |
| २० | सदस्य-सचिव | श्री राम बहादुर के.सी | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | केशब सिलवाल | उपस्थिति |
| २ | ब.कम्प्युटर सहायक पाचौ | सन्दिप प्रजापति | उपस्थिति |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

२०८१।४।३१
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

छलफलका विषयहरुः

१.मध्यपुर महोत्सव सम्वन्धमा ।
२.आ.व २०८१।०८२ को वजेट ,योजना तथा कार्यक्रम संचालन सम्वन्धमा ।
३.नगरपालिकाको नयां निर्माण हुने भवनको लागि वजेट माग गर्ने सम्वन्धमा ।
४.बस्ती विकास आयोजना सम्वन्धमा ।
५.कृषि कार्यक्रमको लागि वडा छनौट गर्ने र अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिको सदस्य मनोनयन सम्वन्धमा ।
६.समिति गठन सम्वन्धमा ।
७.विविध

निर्णय नं : १ २०८१ साल पौष १२, १३ र १४ गते (2024 December 27, 28, 29) तीन दिन मध्यपुर महोत्सव मनाउने साथै सो महत्सोव मनाउने सन्दर्भमा मुल समारोह गठन,सचिवालय स्थापना लगायतका अन्य कार्य गर्न नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं : २ आ.व.२०८१।०८२ को स्वीकृत योजना तथा कार्यक्रमहरु तत्काल सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं : ३ यस नगरपालिका वडा नं ५ स्थित जलाखुमा नगरपालिकाको हक भोग स्वामित्व समेतमा रहेको कि.नं १०,११,१२, ४७, ४८ र ६१ कित्ता जग्गामा निर्माण हुने नगरपालिकाको नयाँ प्रशासकीय भवनको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित निकाय सँग वजेट माग गर्ने निर्णय गरियो।

निर्णय नं : ४ बस्ती विकास आयोजना सम्वन्धमा प्रारम्भिक अध्ययन प्रतिवेदनको आधारमा सिमांकन भएका क्षेत्रहरुको वस्ती विकास गर्ने प्रयोजनका लागि क्रमश DPR को प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं : ५ वागमती प्रदेश सरकार ,कृषि तथा पशुपन्छी विकास मन्त्रालय , कृषि विकास निर्देशनालय , पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौडाबाट मिति २०८१।०४।१५ गो.पमा प्रकाशित सुचना र सोही निर्देशनालयबाट मिति २०८१।०४।१५ को पत्रानुसार समुदायमा आधारित

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८१।४।२१
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं : ५ बागमती प्रदेश सरकार ,कृषि तथा पशुपन्छी विकास मन्त्रालय , कृषि विकास निर्देशनालय , पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौडाबाट मिति २०८१।०४।१५ गो.पमा प्रकाशित सुचना र सोही निर्देशनालयबाट मिति २०८१।०४।१५ को पत्रानुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यन्वयनका लागि नगरपालिकाबाट लागत साझेदारी गर्ने प्रतिबद्धता सहित तरकारी खेती (उच्च प्रविधि) गर्न यस नगरपालिका वडा नं ३ लाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं : ६ यस न.पाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण समन्वय समितिमा यस नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७६ को दफा ६ को (ख) बमोजिम नगरपालिकाको महिला सदस्य मध्येबाट नगरपालिकाले तोकेको महिला सदस्य अरुणा कारन्जित सदस्य र ऐ.ऐ को (छ) बमोजिम नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट मध्यपुर थिमि नगरपालिका ४ बस्ने ज्ञानु कुमारी महर्जन , ऐ.ऐ वडा नं ६ बस्ने सुन्दर कृष्ण दही , ऐ.ऐ वडा नं ३ बिकाश थापाहरुलाई उक्त समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं : ७ यस नगरपालिका भित्रको क्षेत्रलाई पर्याप्त पुर्वाधार सहितको दिगो रुपमा व्यवस्थित आवासीय क्षेत्रको रुपमा विकास गरी नगरवासीलाई दीर्घकालिन सुविधा र वसोवासको भौत्तिक सहजता प्रदान गर्न घर नक्शापास रोकिएका क्षेत्रहरुको सम्वन्धमा प्राप्त हुन आएको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा व्यवस्थित बस्ती विकास र घर नक्शापास गर्ने क्षेत्रहरुको सिमांङ्कन गरी कार्य अगाडी बढाउने गरी नगरकार्यपालिकाको २५ औ र १० औ नगरसभाबाट निर्णय भए बमोजिम मिति :२०८१।४।१ मा गठित नक्शा सिमांङ्कन समिति ( नगर प्रमुख स्तरीय निर्णय ) लागि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं : ८ यस न.पा क्षेत्र भित्र हर्षोल्लासका साथ मनाईने ऐतिहासिक एवं परम्परागत सांस्कृतिक जात्रा ,चाडपर्वहरु संचालन तथा व्यवस्थापनका लागि साविक वमोजिम आ.ब (२०८०।२०८१ अनुसार) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं : ९ यस नगरपालिका वडा नं २ स्थित ओंम बृद्धाश्रममा हाल सम्म के कस्ता कार्यक्रमहरु के कसरी संचालन भए गरे सोको सम्पुर्ण विवरण माग गर्ने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner